“जो कोहीले सत्य मार्गतर्फ आह्वान गर्दछ, उसले त्यस मार्गमा हिँड्ने सबै मानिसहरूको पुण्य बराबर पुण्य प्राप्त गर्नेछ; र ती मानिसहरूको पुण्यमा कुनै कमी हुने छैन

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “जो कोहीले सत्य मार्गतर्फ आह्वान गर्दछ, उसले त्यस मार्गमा हिँड्ने
सबै मानिसहरूको पुण्य बराबर पुण्य प्राप्त गर्नेछ; र ती मानिसहरूको पुण्यमा कुनै
कमी हुने छैन। र जो कोहीले गलत मार्गतर्फ बोलाउँछ, उसले त्यसलाई पछ्याउने सबै मानिसहरूको पाप बराबर पाप बोक्नेछ; तर यसले उनीहरूको पापमा कुनै कमी गरिने छैन।”
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, 'जसले मानिसहरूलाई आफ्नो वचन र कर्मद्वारा सत्य र भलाइको मार्ग देखाउँछ, उसले त्यो मार्ग पछ्याउने मानिसहरूले जति नै पुण्य पाउनेछ र पछ्याउनेहरूको पुण्यमा कुनै कमी हुनेछैन । अर्कोतर्फ, जसले आफ्नो वचन र कर्मद्वारा मानिसहरूलाई दुष्ट, पाप वा निषेधित कार्यको बाटो देखाउँछ, उसलाई त्यो मार्गमा हिँड्ने मानिसहरूको जस्तै पाप हुन्छ र तिनीहरुको पापमा कुनै कमी हुनेछैन ।

https://sunnah.global/hadeeth/ne/show/3373